का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ माघ २०७९,
सोमबार
30 January 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ५ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नागरिकलाई गुमराहमा राख्ने प्रयास



सूचना वर्गीकरणसम्बन्धी समितिले गरेको निर्णयका बारेमा विभिन्न निकायबाट व्यक्त चासोप्रति नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ । सरोकारवाला पक्षहरूसँग छलफल गरी समस्या समाधानबारे आवश्यक निर्णय लिइनेछ ।

■ **प्रचण्ड**
*प्रधानमन्त्री*



जनताको सूचना पाउने अधिकार ऐनले ग्यारेन्टी गर्ने अनि नियमावली बनाएर वर्गीकरण गरेर सरकारले खोस्न पाउँदैन । महासंघले प्रतिकार गर्छ ।

■ **विपुल पोखरेल**
*अध्यक्ष, नेपाल पत्रकार महासंघ*

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

नागरिकलाई शासनसत्ताको क्रियाकलापबारे पूर्णत जानकारी नदिने प्रयास उच्च तहबाट भएको छ। मुख्यसचिव शंकरदास वैरागीको अध्यक्षतामा रहेको सूचनाको वर्गीकरणसम्बन्धी समितिले गत पुस १२ गते ८७ प्रकारका सूचनाहरु गोप्य रहने गरी वर्गीकरण गरेको छ । जसले सूचनाको हकसम्बन्धी ऐन, २०६४ लाई काम नलाग्ने बनाउँछ ।

त्यसो त विगतका सरकारहरुले पनि सूचनाको हकलाई नियन्त्रण गर्ने प्रयास गरेका थिए । बाबुराम भट्टराई प्रधानमन्त्री रहेको समयमा ८० प्रकारका नीतिगत विषयहरू गोप्य रहने गरी वर्गीकरण गरिएको थियो । तर यो विवाद सर्वोच्च पुगेर बदर भएको थियो । अहिले आएर सूचनाको वर्गीकरणसम्बन्धी समितिले पुनः वर्गीकरण गरेको हो । यसबारेमा समितिले पुस २९ गते सूचना आयोगलाई जानकारी पठाएको थियो ।

उक्त वर्गीकरण सार्वजनिक भएलगत्तै सूचनाको हकका क्षेत्रमा क्रियाशील अभियन्ता र नेपाल पत्रकार महासंघले कडा आपत्ति जनाएका छन् ।

पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले मुख्यसचिवले एकलौटी रुपमा गरेको सूचनाको हक सम्बन्धी ऐन वर्गीकरण मान्य नहुने टिप्पणी गरे । उनले जनताको सूचना पाउने अधिकार भएकाले यसलाई कसैले रोक लगाउन नमिल्ने बताए । सूचना वर्गीकरणका लागि सरकार वा मुख्यसचिव लाग्दैमा केही नहुने जिकिर गर्दै अध्यक्ष पोखरेलले भने, यसबारेमा विज्ञ तथा सरोकारवाला निकायसँग पनि छलफल हुनुपर्छ । त्यसैले सरकारले उक्त निर्णय अबिलम्ब फिर्ता लिनुपर्छ ।,' उनले थपे 'जनताको सूचना पाउने अधिकार ऐनले ग्यारेन्टी गर्ने अनि नियमावली बनाएर वर्गीकरण गरेर सरकारले खोस्न पाउँदैन । महासंघले प्रतिकार गर्छ ।'

महासंघसँगै अभियन्ताहरुले समेत सूचना आयोग पुगेर उक्त वर्गीकरण सच्याउन माग गरेका छन् । यसबारेमा उनीहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समेत यसको जानकारी गराइएको छ । आफू प्रधानमन्त्री बने लगत्तै सूचना लुकाउने कार्य गरेको आरोप लाग्ने भएपछि प्रचण्डले सरोकारवाला निकायसँग आज (सोमवार) छलफल गर्ने भएका छन् ।

'सूचना वर्गीकरणसम्बन्धी समितिले गरेको निर्णयका बारेमा विभिन्न निकायबाट व्यक्त चासोप्रति नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको छ,' प्रधानमन्त्रीले सामाजिक सञ्जाल ट्विटरमार्फत् भनेका छन्, 'सोमबार सरोकारवाला पक्षहरूसँग छलफल गरी समस्या समाधानबारे आवश्यक निर्णय लिइनेछ ।'

वर्गीकरण ३०, २०, १०, ५ र २ वर्षसम्मको राखिएको छ। जसमा सूचना नदिने र सार्वजनिक निकायले चाहेमा गोप्य राख्नुपर्ने बहाना बनाइएको छ । नेपालको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्ध विषय अन्तर्गत २९ प्रकारका सूचनाहरू ३० वर्ष, २० वर्ष र १० वर्ष गोप्य रहने भनिएको छ ।

वर्गीकरणको १० नम्बर बुँदामा ' उच्चपदस्थ पदाधिकारीबाट हुने भेटघाट तथा छलफल सम्बन्धी विषय' २० वर्ष गोप्य रहने उल्लेख छ । बुँदा २५ मा 'संसद् र संसदीय समितिमा उठेका प्रश्नको सम्बन्धित मन्त्रालयको तर्फबाट प्रस्तुत गरिएका जवाफसँग सम्बन्धित विषय' पनि गोप्य राख्न सक्ने बाटो राखिएको छ । सूचनाको हकका अभियन्ताहरुले जनताका लागि काम गर्ने भनिएको मन्त्रालयले खुला संसदमा राख्ने कुरा गोप्य राख्नु सूचनाको हक सम्बन्धी ऐन र संविधानको धारा २७ विपरीत हुने टिप्पणी गरेका छन्। व्यापक अर्थ लाग्ने, नागरिकको सूचनाको हक खोस्न सकिने र बहुअर्थ लगाउने गरी वर्गीकरण गरेको उनीहरुको आरोप छ ।

बुँदा नम्बर २९ मा उल्लेखित ' विशिष्टीकृत कानुनद्वारा गोप्य राख्नुपर्ने भनी तोकिएका विषय' भन्ने शब्दावलीले सूचनाको हकको कानुनलाई प्रयोगविहीन बनाउने सूचनाको हक सम्बन्धी ऐनका अभियन्ताहरु बताउँछन् । यो शब्दावली देखाएर सूचना गोप्य राख्न तथा लुकाउन सहज हुने र यसले सूचनाको हक सम्बन्धी कानुन निस्तेज हुने उनीहरुको दावी छ ।

अपराध अनुसन्धान र तहकिकातसँग सम्बन्धित विषय भनी विभिन्न ११ वटा नीतिगत विषयहरूलाई वर्गीकरणमा उल्लेख गरिएको छ । जसमध्ये बुँदा नम्बर ३२ मा 'सार्वजनिक खरिद कानुन बमोजिम कालोसूचीमा राख्ने र सो उपर पुनरावलोकन समितिबाट निर्णय प्रक्रियासँग सम्बन्धित विषय' भनिएको छ। यस्तो विषयको सूचना १५ वर्षसम्म गोप्य राख्ने उल्लेख छ ।

> खुला शासन व्यवस्था र उदार लोकतन्त्रको अभ्यासमा अगाडि बढ्नुपर्ने जनमतको उपेक्षा गर्दै उच्च तहबाटै शासनसत्ताको गतिविधिबारे नागरिकलाई पूर्णत जानकारी नदिने नियतका साथ ८७ प्रकारका सूचना गोप्य राख्ने निर्णय भएको छ ।

कालो सूचीमा परेका ठेकेदारसँग सम्बन्धित सूचना समेत माग गर्न नागरिकहरूलाई रोक लगाउने वर्गीकरणमा उल्लेख छ ।

यसैगरी बुँदा नम्बर ३४ मा 'राजस्व चुहावट, करछली, शंकास्पद कारोबार सम्बन्धी प्रतिवेदन र सोको अनुगमन सम्बन्धी विषय' १० वर्षसम्म गोप्य रहने उल्लेख छ । पछिल्लो समय लाल आयोगदेखि अन्य आयोगको प्रतिवेदन माग गर्दै प्रधानमन्त्री कार्यालयमा सूचना माग गर्ने क्रम बढेको छ । त्यसविपरीत कुनै पनि छानबिन, जाँचबुझ, अध्ययन, अनुसन्धानका लागि गठित आयोग, समिति र कार्यदलको प्रतिवेदन पनि १० वर्षसम्म गोप्य रहने बुँदा नम्बर ४१ मा उल्लेख छ ।

– बाँकी पृष्ठ २ मा

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्योना कपडा लगाऔं,
- घर तथा कोठा न्यायो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड



# अधैर्य रवि

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

निवर्तमान गृहमन्त्री लामिछाने सर्वोच्च अदालतबाट सांसद बन्न नै अयोग्य रहेको ठहर गरिदिए । कारण- उनले २०५० सालमा लिएको नेपाली नागरिकता त्यागेर पछि अमेरिकी नागरिकता लिएका थिए । अमेरिकी नागरिकता त्यागेका उनले पुनः नेपाली नागरिकता लिनुपर्ने थियो । नलिएरै पुरानो नागरिकताका आधारमा पार्टी दर्ता, राजनीतिक गतिविधि, आर्थिक कारोबार, राजनीतिमा आउनु अगाडिको पेशाका लागि समेत पुरानो नागरिकताका आधारमा सबै कार्य गरेका थिए । नियम अनुसार उनी सांसद पदका लागि नै अयोग्य रहेको भनी परेको मुद्दा सदर भएपछि लामिछानेले गृहमन्त्री पद नै गुमाउनु पर्‍यो ।

> आइतबार पुनः नागरिकता लिएका रवि लामिछानेलाई रास्वपाले पार्टी सदस्यता दिलायो, केन्द्रीय समिति हुँदै सभापति नै चयन गर्‍यो । उनलाई तत्काल गृहमन्त्री बनाउन एमाले अध्यक्ष ओली नै लागेका छन् । स्वयम् रविले राजनीतिक भेटघाट बाक्लो बनाएका छन् ।

तर, विधि र सुशासनको कुरा उठाएर गत चुनावबाट चौथो ठूलो दलको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संस्थापक सभापति लामिछानेले आफैंले बनाको विधि र प्रक्रियालाइ समेत कुरेनन् । उनको पार्टीले बनाएको विधान अनुसार रास्वपाको सदस्यता लिन नेपाली नागरिक हुनुपर्छ । सदस्यको लिएको एक वर्षपछि मात्रै पदाधिकारीमा चाहना राख्न पाइन्छ । सर्वोच्च अदालतको फैसला अनुसार पुनः नागरिकता लिएपछि रवि लामिछाने आइतबार मात्रै पुनः नेपाली नागरिक भए । उनलाई आइतबार नै रास्वपाको सदस्यता

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# सातभित्रै समस्याको समाधान दिने उपप्रधानमन्त्री पौडेलको प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ माघ

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले वैदेशिक रोजगार ऐन २०६४ संशोधन तथा वैदेशिक रोजगार व्यवसायका समस्या समाधानका लागि व्यवसायीको सहभागितामा उच्चस्तरीय छलफल गर्न सहमति जनाएका छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिसँग अर्थ मन्त्रालयको कार्यकक्षमा आइतबार छलफल गरेपछि उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले एक साताभित्र आफू र अर्थसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री तथा श्रम सचिव र संघका दुई जना प्रतिनिधिको संयुक्त बैठक गरी समस्याहरुको पहिचान र समाधान खोज्ने बताएका छन् ।



उपप्रधानमन्त्री पौडेलले वैदेशिक रोजगार व्यवसायी भलाइ कोष सञ्चालन कार्यविधि सम्बन्धमा तत्कालै सहमति प्रदान गर्न श्रम मन्त्रालयलाई निर्देशन दिएका छन् । उक्त कोषमा म्यानपावर कम्पनीका सञ्चालकको मृत्यु भएमा एक करोड रुपैयाँ क्षतिपूर्ति, विभिन्न आर्थिक सुविधा र सन्ततिलाई छात्रवृत्ति सुविधा, बजार प्रवर्द्धनजस्ता व्यवस्था गरिएको छ ।

कोष सञ्चालन समितिको संयोजकमा वैदेशिक रोजगार विभागका महानिर्देशक रहनेछन् । श्रम मन्त्रालयका कानून उपसचिव र अर्का एक उपसचिव सदस्य रहने कोष सञ्चालन समितिमा संघका अध्यक्षसहित संघले मनोनयन गर्ने एक व्यवसायी गरी दुई जना व्यवसायी रहने छन्। कोषको कार्यालय विभागमा राख्ने सहमति यसअघि नै भइसकेको छ ।

उपप्रधानमन्त्री पौडेलले संघ कार्यसमिति निर्वाचनको प्रचारप्रसारका क्रममा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चको चुनावी भेलालाई सम्बोधन गरेका थिए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले त्यसका लागि मन्त्री पौडेलप्रति धन्यवाद व्यक्त गर्दै वैदेशिक रोजगार व्यवसायीले भोग्नु परेका समस्याका बारेमा ध्यानाकर्षण गराएको बताए । अध्यक्ष भण्डारीले रोजगार ऐनमा व्यवसायीको इजाजतपत्र नवीकरण गर्न वार्षिक एक सय जना कामदार अनिवार्य पठाउनुपर्ने व्यवस्था खारेजी, सेवा शुल्क परिमार्जन, मागपत्र प्रमाणीकरण र युरोपेली मुलुकबाट मागपत्र आउन खडा गरिएको समस्या, वैदेशिक रोजगार व्यवसाय कोष सञ्चालनमा सहमति जस्ता विषयमा उपप्रधानमन्त्री पौडेलको ध्यानाकर्षण गराएको बताए । फ्रि भिसा फ्रि

– बाँकी पृष्ठ २ मा

# काठमाडौंमा अमेरिकी उपमन्त्री

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

काठमाडौं, १५ माघ । दुईदिने नेपाल भ्रमणमा काठमाडौं आएकी अमेरिकी राजनीतिक मामिला उपमन्त्री भिक्टोरिया नुल्यान्डले आज (सोमबार) देखि उच्चस्तरीय भेटवार्ता गर्ने भएकी छिन् ।

नेपालको नयाँ सरकारसँग अमेरिकी साझेदारी लगायतका बृहत एजेन्डामा छलफल गर्ने उदेश्यले उपमन्त्री नुल्यान्ड आइतबार साँझ काठमाडौं आइपुगेकी हुन् ।

कूटनीतिक स्रोतका अनुसार उपमन्त्री नुल्यान्डले प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, सत्ताघटक दल एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गर्ने तय भइसकेको छ । अन्य



*संयुक्त राज्य अमेरिकाका राजनीतिक मामिलासम्बन्धी उपविदेशमन्त्री भिक्टोरिया नुल्यान्ड ।*

भेटवार्ताको भने अन्तिम टुंगो लागिसकेको छैन ।

उपमन्त्री नुल्यान्डको भ्रमणमा द्विपक्षीय सम्बन्धलाई थप उजागर गर्न सरकारी अधिकारीहरूसँग भेटवार्ता हुने कार्यतालिका रहेको काठमाडौंस्थित अमेरिकी दूतावासले जनाएको छ । दूतावासले अमेरिकी सरकारले नेपालको 'युनिक' सांस्कृतिक सम्पदामा अमेरिकालाई गर्व महसुस भएको पनि उल्लेख गरेको छ । नेपाल भ्रमणका अवसरमा उपमन्त्री नुल्यान्डले पाटन दरबार स्क्वायरको भ्रमण पनि गर्ने छिन् । उनले बदि्लँदो भूराजनीतिक परिवेशमा यहाँको वस्तुस्थिति बुझ्न र नयाँ सरकारसँग सहकार्यका लागि नेपाल भ्रमण गर्न लागेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वमा नयाँ सरकार बनेपछि विदेशबाट नेपालमा हुन लागेको यो नै पहिलो उच्चस्तरीय भ्रमण हो । गत वर्षको जेठमा अमेरिकी नागरिक सुरक्षा, प्रजातन्त्र र मानवअधिकार उपमन्त्री उज्रा जियाले नेपालको तीनदिने औपचारिक भ्रमण गरेपछि अमेरिकाबाट भएको यो दोस्रो ठूलो भ्रमण हो ।

नुल्यान्डसँग कुटनीतिक क्षेत्रमा ३३ वर्ष काम गरेको अनुभव छ । उनी अमेरिकाकी एक अनुभवी कुटनीतिज्ञ हुन् । उनी सन् २०२१ अप्रिलदेखि उपमन्त्री भएकी हुन् । उनले राष्ट्रपति बाराक ओबामा र विदेशमन्त्री जोन केरीको नेतृत्वको बेलामा सन् २०१३ देखि २०१७ सम्म युरोपेली र यूरेसियन मामिलाका लागि सहायक मन्त्रीको रुपमा काम गरेकी

– बाँकी पृष्ठ २ मा

# शहीद दिवस मनाइँदै

**काठमाडौं/मस–** प्रत्येक वर्ष माघ १६ गते मनाइने शहीद दिवस प्रजातन्त्र स्थापना एवं पुनर्स्थापना तथा विभिन्न कालखण्डका स्वतन्त्रताका लागि जीवन आहुति दिने शहीदको सम्झनामा विविध कार्यक्रम गरी देशभर मनाइँदैछ । शहीदलाई प्रत्येक वर्ष माघ १६ गते सम्झने गरे पनि सपना पूरा गर्न हुनुपर्ने जति काम नभएको गुनासो यस अवसरमा हुने गरेको छ। यस दिन हुने औपचारिक कार्यक्रममा जिम्मेवार अधिकारीहरुबाट शहीदको सपना पूरा गर्न लागिपरेको प्रतिबद्धता भने निरन्तर आउने गरेको छ ।

यही माघ १० देखि १६ गतेसम्म विभिन्न कार्यक्रमका साथ शहीद सप्ताह मनाउने घोषणा गरी विविध कार्यक्रम हुँदै आएको छ । विसं २०१२ देखि नै तत्कालीन काठमाडौं नगरपालिकाको संयोजकत्वमा प्रत्येक वर्ष माघ १६ गते शहीदको सम्झनामा दिवस मनाउन थालिएको हो ।

स्वतन्त्रताको माग गर्दा विसं १९९७ मा शहीद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौंको टेकुस्थित पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गङ्गालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा राणा शासकले मृत्युदण्ड दिएका थिए ।

माघ १६ गते सोमबार शहीद दिवसका अवसरमा बिहान शान्तिवाटिका रत्नपार्कदेखि शहीद स्मारक लैनचौरसम्म प्रभातफेरी कार्यक्रम आयोजना गरिएको जनाइएको छ । प्रधानमन्त्री, मन्त्री, सरकारका उच्चपदस्थ अधिकारी, जनप्रतिनिधि, सुरक्षा निकायको ब्यान्ड टोली र मार्चपास टोलीसहितको प्रभातफेरी शहीद स्मारक लैनचौर पुगी ज्ञातअज्ञात शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम रहेको छ ।

यसैगरी लखन थापादेखि पछिल्ला स्वतन्त्रताका आन्दोलनमा शहादत प्राप्त गर्ने शहीदको सम्झनामा



*सप्ताहव्यापी कार्यक्रममा शहीद गंगालाल श्रेष्ठ र दशरथ चन्दको शालिकमा पुष्पगुच्छा अर्पण गर्दै काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल ।*

मन्त्रिपरिषद्को विसं २०६४ जेठ ११ गतेको निर्णयानुसार उपत्यकाको उत्तर पूर्वी भेगस्थित गोकर्णेश्वरमा निर्माण भइरहेको राष्ट्रिय शहीद स्मारकमा पनि कार्यक्रमको तयारी भएको जनाइएको छ ।

वन तथा वातावरण मन्त्रालयको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिने राष्ट्रिय शहीद तथा शान्ति पार्क निजामती (स्मारक) यज्ञडोल (जगडोल) सामुदायिक वन पर्यापर्यटन प्रवर्द्धन तथा उद्यान व्यवस्थापन समितिको आयोजनामा कार्यक्रम गर्न लागेको अध्यक्ष सुदर्शन सिग्देलले जानकारी दिए ।

प्रधानमन्त्री दाहालले गोकर्णको शहीद स्मृति स्तम्भमा शहीद तथा बेपत्ता अभिलेख शुभारम्भ र राष्ट्रिय शहीद स्मारक उद्घाटन गर्ने कार्यक्रम रहेको उनले बताए ।

विसं २०६३ अघि शहीद दिवसका दिन राज्यका तर्फबाट शहीदगेटमा विशेष कार्यक्रम गरी दिवस मनाइन्थ्यो । त्यसपछि भने लैनचौर स्थित शहीद स्मारकमा विशेष कार्यक्रम हुन थालेको छ । शहीदगेटमा पनि विभिन्न सङ्घसंस्थाले कार्यक्रम गरी दिवस मनाउने गरेका छन् ।

पछिल्लो समय नारायणहिटी दरबार सङ्ग्रहालय परिसरमा निर्माण भएको गणतन्त्र स्मारकमा शहीदप्रति श्रद्धाञ्जली गर्ने स्थल राखिने घोषणा गरिएको छ । त्योसमेत सञ्चालनमा आउन सकेको छैन । स्मारकमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीलगायत उच्चपदस्थले शपथ लिएपछि शहीदलाई श्रद्धाञ्जली अर्पण गर्ने गरी तयारी गरिने जनाइएको छ ।

विदेशी पाहुना आउँदासमेत स्वतन्त्रताका लागि जीवन अर्पण गर्ने शहीदको सम्झनास्वरुप पुष्पगुच्छा अर्पण गर्ने स्थल बनाइने जनाइएको छ । शहीदको स्पष्ट परिभाषा नगरी पछिल्लो समय जो सुकैलाई घोषणा गरिँदा शहीदको गरिमा नै घटेको टिप्पणी पनि हुने गरेको छ ।

शहीद दिवस २०७९ को अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारी, उपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ', प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालगायतले ज्ञात-अज्ञात शहीदहरुप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।

राष्ट्रपति भण्डारीले नागरिक स्वतन्त्रता, लोकतन्त्रको स्थापना र राष्ट्रियताको रक्षाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने शहीदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द, गङ्गालाल श्रेष्ठलगायत सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति श्रद्धाञ्जलि अर्पण गेकी छिन् ।

यस्तै, उपराष्ट्रपति पुनले प्रजातन्त्र, लोकतन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र लगायतका उपलब्धिहरू प्राप्तिको मुख्य श्रेय शहीदलाई नै जाने बताएका छन् । शुभकामना व्यक्त गर्दै प्रजातन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ आफ्नो जीवनको आहुति दिने सम्पूर्ण शहीदहरुको योगदानको उच्च मूल्याङ्कन र शहीद परिवारजनमा उच्च सम्मान व्यक्त गरेका छन् ।

यस्तै, प्रधानमन्त्री प्रचण्डले शहीदको सपना पूरा गर्न सबैले हातेमालो गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएका छन् । चुनौतीपूर्ण परिस्थितिमा गठन भएको नयाँ सरकार सामाजिक न्याय, सुशासन र समृद्धिको लक्ष्यमा अघि बढ्न दृढ सङ्कल्पित उल्लेख गर्दै उनले शहीदका सपना पूरा गर्न आह्वान गरेका छन् ।

यस्तै, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले देश र लोकतन्त्रको हित रक्षाका निमित्त सानातिना मतभेदलाई बिर्सेर शहीदको सपनालाई विपनामा रूपान्तरण गर्ने सङ्कल्पका लागि आह्वान गरेका छन् । शहीद दिवसका अवसरमा सन्देश जारी गर्दै उनले समान हक, अवसर र न्याय तथा सुदृढ र सबल लोकतन्त्रबाट मात्रै नेपाल एक सुन्दर, शान्त र समुन्नत राष्ट्रमा परिणत हुनेछ भन्ने परिकल्पना र विश्वासमा देशभक्त वीर सपुतहरूले आफूलाई सहर्ष उत्सर्ग गरेको बताएका छन् ।

# ६ महिनामा ८ करोड बढी राजस्व संकलन

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १५ माघ

वीरेन्द्रनगर नगरपालिकाले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा ८ करोड भन्दा बढी राजस्व संकलन गरेको छ । चालु आर्थिक वर्ष शुरु भएको साउन महिनादेखि पुस मसान्तसम्म ८ करोड २० लाख ९७ हजार ६ सय १८ रुपैयाँ ९२ पैसा राजस्व संकलन भएको नगरपालिकाले जनाएको छ। आर्थिक वर्ष २०७७/०७८ मा १९ करोड ९६ लाख ८७ हजार ९ सय १० रुपैयाँ १० पैसा गत आर्थिक वर्ष २०७८/०७९ मा २२ करोड २६ लाख ५८ हजार २ सय ३० रुपैयाँ ८३ पैसा संकलन गरेको थियो ।




जसअन्तरगत नगरपालिकाले सम्पति कर, भूमि तथा मालपोत, घरवहाल, दमकल सेवा, विज्ञापन, व्यवसाय, कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबार, अखेटोपहार, घरजग्गा रजिष्ट्रेसन, सरकारी सम्पतिको बहाल, न्यायिक दस्तुर, शिक्षा क्षेत्रको आम्दानी, परीक्षा शुल्क, निजी धारा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क, नक्सा पास दस्तुर, दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी र वालुवा) सिफारिस दस्तु व्यक्तिगत दस्तुर, नाता प्रमाणित लगायतका विभिन्न ३४ वटा कर शिर्षकबाट राजस्व संकलन गर्ने गरेको छ ।

वीरेन्द्रनगर नगरपालिकाका १६ वडाहरु मध्ये यस चालु आर्थिक वर्षको पहिलो ६ महिनामा वडा नम्बर ६ मा सबैभन्दा धेरै र सबै भन्दा कम वडा नम्बर १६ मा भएको नगरपालिकाको तथ्याङ्कमा उल्लेख गरिएको छ। जसमा वडा नम्बर ६ मा ६१ लाख ६ हजार १ सय ५९ रुपैयाँ र वडा नम्बर १६ मा ६१ हजार ८ सय ४२ रुपैयाँ ४२ पैसा संकलन भएको छ। यस्तै वडा नम्बर १ मा १३ लाख १८ हजार १ सय १५, वडा नम्बर २ मा १५ लाख ३२ हजार ४ सय २५ रुपैया ४२ पैसा, वडा नम्बर ३ मा ३६ लाख ५२ हजार २७ पैसा, वडा नम्बर ४ मा ३२ लाख २९ हजार ५३ रुपैयाँ ६६ पैसा, वडा नम्बर ५ मा १० लाख ८१ हजार ९ सय ५३ रुपैया ७३ पैसा संकलन भएको छ ।

यस्तै वडा नम्बर ७ मा १७ लाख १५ हजार ९ सय ३६ रुपैयाँ २७ पैसा, वडा नम्बर ८ मा १८ लाख ५७ हजार २३ रुपैयाँ ४४ पैसा, वडा नम्बर ९ मा १३ लाख ८९ हजार ४ सय ९७ रुपैया ६ पैसा, वडा नम्बर १० मा २६ लाख १७ हजार ७ सय ७७ रुपैयाँ ६ पैसा, वडा नम्बर ११ मा ९ लाख ५८ हजार ६ सय ९ रुपैया ३१ पैसा, वडा नम्बर १२ माा २२ लाख ७० हजार २ सय ३० रुपैयाँ ५६ पैसा, वडा नम्बर १३ मा ४ लाख २१ हजार ४ सय ६७ रुपैयाँ ९ पैसा वडा नम्बर १४ मा २ लाख १७ हजार ७ सय ८६ रुपैयाँ ४४ पैसा र वडा नम्बर १५ मा ७५ हजार ९ सय ७५ रुपैयाँ ६२ पैसा संकलन भइको अधिकृत खत्रीले जानकारी दिए ।

# रुकुमकोट हेलिप्याडमा बत्ती जडान

**रुकुम/मस–**रुकुम (पूर्व) को सिस्ने गाउँपालिका-५ रुकुमकोटस्थित बतासे डाँडामा हेलिप्याडमा सोलार बत्ती जडान गरिएको छ । बत्ती जडान गरिएपछि अब रातिको समयमा पनि यहाँ सहजै हेलिकप्टर अवतरण गर्न सकिने भएको छ ।

यसअघि सिस्ने हेलिप्याडमा बत्ती अभावका कारण दिनमा मात्र हेलिकप्टर अवतरण गरिँदै आएको थियो । आर्थिक वर्ष २०७६/०७७ मा संघीय सरकारको रु. १० लाख लागतमा हेलिप्याड निर्माण गरिएको हो । बत्ती जडान भने सिस्नेले आफ्नै लगानीमा गरेको गाउँपालिका अध्यक्ष कृष्ण रेग्मीले जानकारी दिए ।

नेपाली सेनाले निर्माण गरेको उक्त हेलिप्याडमा सेनाकै प्राविधिक सहयोगमा बत्ती जडान गरिएको उनले बताए । गाउँपालिकाले बत्ती जडान गर्न दुई लाख २५ हजार खर्च गरेको छ । बत्ती जडानपछि शनिबार पालिकालाई हेलिप्याड हस्तान्तरण



गरिएको निर्माणमा संलग्न नरसिंह दलगणका गणपति प्रमोदकुमार शर्माले जानकारी दिए । हेलिप्याडमा बत्ती जडानपछि अब गम्भीर बिरामी, सुत्केरीलगायतलाई रातिको समयमा पनि हेलिकप्टरमा उद्धार गर्न सकिने छ ।

# गड्डाचौकीबाट भित्रिने पर्यटक घटे

**कन्चनपुर/मस–** कन्चनपुरको गड्डाचौकी नाका भएर भित्रिने तेस्रो मुलुकका पर्यटकको आवागमन न्यून हुँदै गएको छ । भारत हुँदै गड्डाचौकी नाकाबाट बर्दिया, पोखरालगायतका स्थानमा भ्रमणका लागि आउने तेस्रो मुलुकका पर्यटकको संख्या कम हुँदै गएको गड्डाचौकीस्थित अध्यागमन कार्यालयले जनाएको छ । केही वर्षअघिसम्म वार्षिक तीन हजारदेखि बत्तीस सयसम्म अमेरिका, बेलायत, जर्मनी, इटलीलगायत तेस्रो मुलुकका पर्यटक यस नाकाबाट प्रवेश गर्दथे । कोरोना सङ्क्रमणका बेला भारतले यहाँबाट तेस्रो मुलुकका पर्यटकलाई आफ्नो मुलुक प्रवेशमा रोक लगाएपछि नेपालमा पनि




पर्यटकको चहलपहल घटेको कार्यालय प्रमुख पदमराज भट्टले जानकारी दिए। भारतले सन् २०२१ को डिसेम्बरदेखि प्रवेशमा प्रतिबन्ध लगाएको थियो ।

भारतले आवागमनमा रोक लगाएयता नेपाल आउने तेस्रो मुलुकका पर्यटकको संख्यामा गिरावट आएको उनले बताए । पहिले दैनिक १५/२० पर्यटक आउने गरेकामा अहिले त्यो संख्या घटेर दुई/तीन जनामा सीमित भएको छ, उनले भने । भारत भ्रमणमा रहेका पर्यटक भिसा नवीकरणका लागि पनि यो नाका हुँदै नेपाल घुम्न आउने गरेको प्रमुख भट्टको भनाइ थियो ।

गड्डाचौकीमा पर्यटक बोर्डको कार्यालय स्थापना गरी त्यहाँबाट भित्रिने पर्यटकलाई स्थानीय पर्यटकीय गन्तव्यबारे जानकारी दिने गरिएको थियो तर केही वर्षयता उक्त कार्यालय बन्द भएपछि सुदूरपश्चिममा पर्यटकीय गतिविधि बढाउनेतर्फ कसैले ध्यान नदिएको उनको गुनासो थियो ।

## नागरिकलाई...

वर्गीकरणको बुँदा नम्बर ५५ ले त शंकास्पद धनलाई संरक्षण गर्ने देखिन्छ। जसमा 'विदेशी लगानीको लाभांश फिर्ता सम्बन्धी विवरण ५ वर्ष गोप्य रहने' भनिएको छ ।

बुँदा नम्बर ५९ मा नेपाल सरकारसमक्ष निर्णयका लागि पेस भएका विषय गोप्य रहने उल्लेख छ । यसले सरकारको आन्तरिक लेखा परीक्षण प्रतिवेदन, सबै तहका सरकारको प्रारम्भिक वित्तीय विवरणहरू, बजेटका सीमा, मध्यकालीन खर्च संरचनाको जानकारी र विशेष तथा समपूरक अनुदान सम्बन्धी विवरण समेत गोप्य रहने देखिन्छ ।

गोपनीयता सम्बन्धी अलग्गै ऐन निर्माण भएको अवस्थामा वर्गीकरणले फेरि गोपनीयताका क्षेत्रहरू भनी १४ प्रकारको तोकिएको छ ।

'सार्वजनिक पदमा नियुक्त पदाधिकारीको सम्पत्ति विवरण' गोप्य रहने निर्णय गरिएको छ । यसले अपारदर्शी निर्णय र अकुत सम्पत्ति आर्जन गर्नेहरुलाई बल पुर्‍याउने देखिन्छ । आयोजनाको अध्ययन प्रतिवेदनसमेत गोप्य राख्ने भनिएको छ । वर्गीकरणका लागि गत असार १ गते समितिले आफ्नो एउटा कार्यविधि स्वीकृत गरेको थियो ।

## अधैर्य...

दिलाइयो । आइतबार नै पार्टी सभापति बने । पुनः नागरिकता लिएका रवि लामिछानेलाई तत्काल गृहमन्त्री बनाउन एमाले अध्यक्ष ओली नै लागेका छन्। स्वयम रविले राजनीतिक भेटघाट बाक्लो बनाएका छन् । एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटे लगत्तै रवि लामिछाने पनि प्रधानमन्त्री प्रचण्डलाई भेट्न बालुवाटार पुगे ।

साथसाथै, रास्वपाले औपचारिक रुपमा पनि गृहमन्त्रालयबारे निर्णय लिने अधिकार अन्य दललाई नभएको भनेको छ । अन्यथा, सरकारलाई दिएको समर्थन फिर्ता लिने उसको चेतावनी छ ।

'समस्या जुनमा आएको थियो, त्यो राष्ट्रिय स्वतन्त्र पार्टीमा आएको समस्या हो। अन्य दलहरुमा आएको होइन, त्यसैले अन्य दलहरुले समस्याको रुपमा लिन जरुरी छैन' रास्वपाका महामन्त्री मुकुल ढकाल भन्छन्, 'गृह मन्त्रालय राष्ट्रिय स्वतन्त्र पार्टीको जिम्मेवारी हो । निर्णय गर्ने अधिकार पनि राष्ट्रिय स्वतन्त्र पार्टीलाई नै छ ।' उनका अनुसार अनुसार पार्टी सभापति रवि लामिछानेले नै सत्ता साझेदार दलका शीर्ष नेतालाई भेटेर गृहमन्त्रीको बन्ने टुंगो लगाउनेछन् ।

## साताभित्रै...

टिकटको निर्णय अव्यवहारिक भएको सबैतिरबाट आवाज उठेको छ । तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङको कार्यकालमा आएको उक्त निर्णयलाई वर्तमान श्रममन्त्री डोलप्रसाद अर्याल र सचिव एकनारायण अर्यालसमेतले अव्यवहारिक भनी सुधार हुनुपर्ने टिप्पणी गरेका छन् ।

संघले वैदेशिक रोजगारमा जाने कामदारका लागि कार्यान्वयन भइरहेको फ्रि भिसा फ्रि टिकटको निर्णय अव्यवहारिक देखिएकाले त्यसमा दक्षिण एशियाली मुलुक सरह कामदारको एक महिनाको तलब बराबरका रकम सेवा शुल्क बापत लिन पाउनुपर्ने र रोजगारदाताले हवाई टिकट नदिएको अवस्थामा कामदार आफैंले टिकट खरिद गरी जानुपर्ने गरी परिमार्जन गर्न माग गर्दै आएको छ ।

ती सबै विषयमा एक साताभित्र छलफल हुने वातावरण बनेको अध्यक्ष भण्डारीले बताए । छलफलमा संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको थियो ।

## काठमाडौंमा...

थिइन् । विदेशमन्त्री हिलारी क्लिन्टनको कार्यकालमा प्रवक्ता रहेकी उनी राष्ट्रपति जर्ज डब्लु बुसको दोस्रो कार्यकालमा सन् २००५ देखि २००८ सम्म नेटो (नर्थ एट्लान्टिक ट्रिटी अर्गनाइजेसन) को लागि अमेरिकी राजदूत थिइन् ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७९/१०/०८ गते बेलुकाको ९:३० बजे का.म.न.पा. वडा नं. २६ मा पार्किङ गरेको दर्ता नं. प्र.१ ०२–०५०५६८१२ को 220F ABS पल्सर मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम: हिमेश रसाइली
च्यासिस नं: MD2A13EX5NCL82454
इन्जीन नं: DKXCNL36751

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **Dynamic Sales & Services (P) Ltd** श्रम इजाजत पत्र न. १०९/०५४/०५५ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.न. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | थमनारायण अर्याल | कार्यालय सहायक | अर्जुनचौपारी-४, स्याङ्जा |
| २ | राजु प्रसाद सुवेदी | लेखापाल | आरुखर्क-४, स्याङ्जा |
| ३ | सुदिपा पाण्डे | कम्प्युटर अपरेटर | भिमसेन गा.पा.-९, गोरखा |
| ४ | भक्त बहादुर पुन | पि.आर. अफिसर | दरबाङ-६, म्याग्दी |

श्रम इजाजत नं. १०९/०५४/०५५
Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**डडेल्धुरा अस्पताल, डडेल्धुरा**

**शिलबन्दी आर्थिक प्रस्ताव पेश गर्ने सम्वन्धमा**

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/१०/१६)

यस डडेल्धुरा अस्पताल, डडेल्धुराले Security Service खरीद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित कम्पनी, फर्म र एजेन्सीहरुले शिलबन्दी आर्थिक प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचनाको बिस्तृत विवरण तथा शर्तहरु www.dadeldhurahospital.gov.np मा हेर्न सकिनेछ ।

मेडिकल सुपरिन्टेन्डेन्ट

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **AIR KINGS PLACEMENT PVT. LTD. साविक (VRINDIT SERVICES PVT. LTD.)** श्रम इजाजत पत्र न. ७१२/०६४/०६५ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १ | Suresh Timalsina | Documentation | २६-०१-७१-०६८३३ |
| २ | Ramesh Timalsina | Documentation | २६-०१-७४-००९६५ |

Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६८/१२/१५ मा दर्ता भएको प्रा.लि. नं. ९१९१६ को **क्राउन ल्याण्ड एजुकेशन प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कर्मचारी हटाईएको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार ब्यबसाय संचालन गर्न इजाजत प्राप्त यस **EARTH VISION MANPOWER SERVICES PVT. LTD.** श्रम इजाजत पत्र न. ७४९/०६४/०६५ मा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १ | श्रीमन के सी | डकुमेण्टेशन अफिसर | ५२-०१-६९-०३७६९ |
| २ | सीमा पोखरेल | लेखापाल | ३९-०१-७६-०१३२५ |
| ३ | जमुना लामा | रिशेप्सनिस्ट | ३०-०१-७५-०४००१ |

Govt. Lic. No. 749/064/065
EARTH VISION MANPOWER SERVICES PVT. LTD.
Jaya Bageshwari, Kathmandu, Nepal, Tel.: 4481192
E-mail: earthvision2016@gmail.com

# नर्सलाई कम पारिश्रमिक दिने संस्थाको नवीकरण नगरिने



काठमाडौं/मस-स्वास्थ्य तथा जनसंख्यामन्त्री पदम गिरीले स्टाफ नर्सलाई कम पारिश्रमिक दिने स्वास्थ्य सङ्स्थाको नवीकरण नगर्ने बताएका छन् ।

आइतबार नेपाल नर्सिङ संघको ६१औं वार्षिकोत्सव कार्यक्रममा उनले नर्सको तलब निकै कम भएको सुन्नमा आएको भन्दै बिरामीको सेवामा चौबिसै घण्टा खटिने नर्सको सेवासुविधा वृद्धि गर्नका लागि भूमिका खेल्ने बताए ।

उनले श्रम शोषण गर्ने स्वास्थ्य संस्थालाई अनुगमन गरी कारवाही गर्नेसमेत चेतावनी दिए । मन्त्री गिरीले नर्स मैत्री नीति बनाउनका लागि सक्रिय भूमिका खेल्ने धारणा राखे ।

'नर्सका समस्या पहिचान गरेर राज्यले न्यायोचित ढंगले सम्बोधन नगर्दा उनीहरुमा नैराश्यता उत्पन्न हुन्छ र समाजमा अन्य समस्या देखिन्छ', उनले भने, 'नर्सले एउटा लेभल पास गर्नुहुन्छ । मैले सुने आठ हजार दश हजारमा पनि निजी क्षेत्रमा काम गर्नुपर्ने अवस्था छ । यो निकै चिन्ताको विषय हो । यसरी न्यूनतम तलब भत्ता पनि नदिइ श्रमको शोषण गर्ने कुरा कुनै पनि हालतमा ठीक हुँदैन ।'

मन्त्री गिरीले भने, 'नर्सलाई कम तलब दिने अस्पताल र निजी स्वास्थ्य संस्थाको राम्रो गरी अनुगमन हुनेछ र आवश्यक कारबाही हुन्छ । यसमा कुनै सम्झौता हुँदैन तथ्य र प्रमाण भेटियो भने नवीकरण नगर्ने र खारेज गर्नेसम्म पनि हुनसक्छ ।'

उनले बिरामीको उपचारमा नर्सको भूमिका महत्वपूर्ण हुने भएकाले नर्सलाई राम्रो सेवा दिइनुपर्ने भनाइ राखे । 'बिरामीको उपचारमा सक्रिय रहने नर्सले मुस्कानसहितको सेवा दिनुपर्छ, बिरामीलाई मुस्कानसहित भूमिका दियो भने आधा रोग आफैं ठीक हुन्छ पनि भनिन्छ', उनले भने, 'तपाईंहरुको अनुहारमा हाँसो आवश्यक छ । तपाईंहरु हाँस्दा बिरामीले पनि राहत महसुस हुन्छ ।'

उनले संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहको समन्वयमा विद्यालयमा समेत नर्स राख्नेगरी योजना अघि बढिरहेको भन्दै यसले नर्सका लागि पनि रोजगारीका थप ढोका खुल्ने बताए ।

'मैले मन्त्री भएपछि पहिलो निर्णय न्यूनतम स्वास्थ्य सेवा मापदण्ड कार्यान्वयन गर्ने विषयमा हस्ताक्षर गरेको छु । नर्स र बिरामीको कुरा त्यसैमा पर्छ', उनले भने । नेपालका दक्ष नर्सले राम्रो सेवासुविधा पाएर विदेशमा रोजगारी गर्न सकारात्मक कुरा भएको उल्लेख गरे । कार्यक्रममा नेपाल नर्सिङ संघका अध्यक्ष मनकुमारी राईले नेपालमा नर्सको योग्यता, दक्षताअनुसार पारिश्रमिक नभएको बताइन् । उनले नेपालामा न्यून पारिश्रमिक भएकाले नर्स विदेश जान थालेकोसमेत बताइन् ।

*नेपालमा अहिले सरकारी तथा निजी स्वास्थ्य संस्थामा करिब १० हजार नर्स कार्यरत छन् ।*

**बक्स**

डाक्टर लाइसेन्समा ४७ प्रतिशत उत्तीर्ण

चिकित्सकहरुको नाम दर्ता प्रमाणपत्र (लाइसेन्स) परीक्षाकको नतिजा सार्वजनिक भएको छ । नेपाल मेडिकल काउन्सिलले सार्वजनिक नतिजा अनुसार परीक्षामा ४७ प्रतिशत उत्तीर्ण भएका छन् ।

काउन्सिलले १२ देखि १५ गतेसम्म लिएको परीक्षामा एमबिबिएस तर्फ ४७.११ र बिडिएस तर्फ ४७.६० प्रतिशत चिकित्सक उत्तीर्ण भएका हुन् ।

काउन्सिलले सार्वजनिक गरेको जानकारी अनुसार एमबिबिएस परीक्षामा १ हजार ८३९ जनाले परीक्षाका लागि फारम भरेका थिए । जसमध्ये परीक्षामा ७ जना अनुपस्थित भएका थिए । १ हजार ८३२ जनाले एमबिबिएस तर्फ लाइसेन्स परीक्षा दिएकोमा ८६३ जना मात्रै उत्तीर्ण भएका छन् । यस्तै, बिडिएस तर्फ कुल ४८२ जनाले फारम भरेकोमा ३ जना अनुपस्थित थिए । परीक्षा दिएका ४७९ जना भए पनि २२८ जना मात्रै उत्तीर्ण भएका छन् ।

# पाँच वर्षसम्म पनि पूरा हुन सकेन सडक



**बाँके/मस**-बाँकेको खजुरा गाउँपालिकामा रहेको एक हजार ८०० मिटर नेपालगञ्ज-गुलरिया सडक ठेक्का लिएको पाँच वर्षसम्म पनि पूरा हुनसकेको छैन ।

वि.सं. २०७४ वैशाखमा गजुर मुखी निर्माण सेवा इलामले रु. २१ करोड ४९ लाखमा चार लेन सडक निर्माणको जिम्मा पाएको थियो ।

ठेकेदार कम्पनीले समयमै काम गर्न नसक्दा आफूहरुले दुःख पाएको स्थानीयको भनाइ छ । सम्झौता अनुसार कम्पनीले जिल्लाको इलाका प्रहरी कार्यालय धनौलीदेखि १ नम्बर बजारसम्मको चार लेन सडक निर्माण गर्नुपर्ने थियो ।

कम्पनीले सम्झौता भएको ३० महिनामा काम सक्ने लिखित प्रतिबद्धता जनाए पनि अझै सडक अपूरो छ । विभिन्न बहानामा पटक-पटक म्याद थपिए पनि निर्माण अझैसम्म पूरा हुन नसकेको स्थानीय सतिश निरौलाको भनाइ छ । सडक निर्माणको माग गर्दै स्थानीयले पटक-पटक आन्दोलन गर्दै आएका छन् ।

सडक डिभिजन कार्यालय नेपालगञ्जका सूचना अधिकारी इञ्जिनियर जनकबहादुर धामीले निर्माण ढिलाइ भए पनि ९० प्रतिशत काम पूरा भएको दाबी गरे । उनले यो वर्षसम्म पनि काम पूरा नभए ठेकेदार कम्पनीलाई कारबाहीस्वरुप कालोसूचीमा राखिने बताए । खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले सम्बन्धित निकायमा ताकेता गरे पनि काम हुन नसकेको बताए । सडक अलपत्र पार्ने ठेकेदारलाई लुम्बिनी प्रदेश सरकारका विना विभागीय मन्त्री कृष्णा केसीले तत्काल निर्माण पूरा गर्न निर्देशन दिएकी छिन् ।

# विद्यालयमा खानेपानी र शौचालयको समस्या

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १५ माघ



पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका भित्रका अधिकांश विद्यालयहरुमा शुद्ध खानेपानी तथा शौचालयको समस्या रहेको पाइएको छ । पाल्हीनन्दन वडा नम्बर ३ स्थित ८ सयभन्दा बढी विद्यार्थी रहेको सिद्धार्थ माध्यमिक विद्यालयमा खानेपानी र शौचालयको समस्या रहेको छ ।

यस्तै पाल्हीनन्दन गाउँपालिकाभित्रका अधिकांश विद्यालयहरुमा खानेपानी तथा शौचालयको समस्या रहेको सिदार्थ माध्यमिक विद्यालयका शिक्षकहरुले बताए । पाल्हीनन्दन वडा नम्बर ४ स्थित पाल्ही भगवती प्राथमिक विद्यालयमा शौचालय जिर्ण अवस्थामा पुगेको विद्यालयका प्रधानाध्यापक उदयराज मौर्यले बताए । उनकाअनुसार विद्यालयमा शुद्ध खानेपानीको अभावमा विद्यार्थीहरुले चापाकलको पानी पिउन गरेका छन् । पाल्हीनन्दन स्थित शंकरपुर सुनरी अमानिगंज हरपुर कुश्मा बेलासपुर लोहरौली पाल्ही गेरमी गेरमा विष्णुपुरा रगरगंज सनई पडरीलगायत विभिन्न स्थानमा १५ वटा सरकारी विद्यालयहरु रहेको शिक्षा शाखाले जनाएको छ । पाल्हीनन्दन गाउँपालिकाभित्रका माध्यमिक विद्यालयहरुलाई १८ हजार र प्राथमिक विद्यालयलाई ९ हजार वार्षिक सरसफाईको लागि बजेट विनियोजन गरिएको गाउँपालिकाका शिक्षा शाखाका अधिकृत प्रमोद यादवले बताए । उनकाअनुसार पाल्हीनन्दन गाउँपालिकाभित्रका विद्यालयहरुमा शौचालय व्यवस्थित छैनन् । गाउँपालिकाले प्रत्येक वडामा शुद्ध खानेपानीको ट्याङकी निर्माण गरेको भएपनि शुद्ध खानेपानी संचालनमा ल्याउन सकेको छैन् । पाल्हीनन्दन वडा नम्बर १ स्थित शंकरपुर प्राथमिक विद्यालयमा र वडा नम्बर ५ स्थित राजनारायण माध्यमिक विद्यालयमा मात्र शुद्ध खानेपानीको व्यवस्था रहेको छ ।

# सोल अफ द कमाण्डोको मूनाफाबाट असहाय व्यक्तिलाई सहयोग




**सोउल/मस**- 'सोल अफ द कमाण्डो' चलचित्रको प्रदर्शनबाट संकलित मूनाफा मध्ये १० प्रतिशत रकम गरीब तथा असहाय व्यक्तिलाई सहयोग गरिने भएको छ । गत २१ जनवरीमा यहाँ यो चलचित्र प्रदर्शन भएको भएको थियो ।

खोटाङ सेवा समाज दक्षिण कोरियाका महासचिव बलुहाङ राईको संयोजनमा यो चलचित्र दक्षिण कोरियामा प्रदर्शन भएको थियो ।तेक्वान्दो ग्राण्ड मास्टर राजकुमार राईको सम्मानमा यो चलचित्र प्रदर्शन गरिएकाले यसबाट भएको नाफा असहाय व्यक्तिलाई दिन लागिएको संयोजक राईले बताए । सोल अफ द कमाण्डोमा दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता खेलाडी राजकुमार राईको मुख्य भूमिका छ । २४ वर्ष अगाडि राजकुमार राई अभिनित चलचित्र 'द कमाण्डो' बनेको थियो ।

अहिले उनी राईलाई कमब्याक गराउँदै युवराज राई (बीरबहादुर) कार्यकारी निर्माता भएर 'सोल अफ द कमाण्डो' बनेको हो । चलचित्रमा मिलन राई, रबि थापा र धन लिम्बु निर्माता छन् । सोल अफ द कमाण्डो नेपालमा गत २३ मंसिरमा प्रदर्शन भएको थियो । अभिनेता राई सन् १९८६ मा कोरियामा सम्पन्न दशौं एसियाली खेलकुदमा तेक्वान्दोबाट कास्य र सन् १९९९ मा नेपालमा सम्पन्न साफमा स्वर्ण जितेका खेलाडी हुन् । उनी पूर्व ब्रिटिस आर्मी समेत हुन् ।

## तेस्रो मेयर कप

# सुनवर्षी वडा नं. ६ अन्तिम चारमा



**विराटनगर/मस**- तेस्रो सुनवर्षी मेयर कप क्रिकेट प्रतियोगितामा वडा नं. ६ विजयी हुँदै अन्तिम चारमा प्रवेश गरेको छ । सुनवर्षीमा शनिबार भएको खेलमा वडा नं. ६ ले वडा नं ५ लाई ५ विकेटले पराजित गर्दै अन्तिम चारमा प्रवेश गरेको हो ।

१२४ रनको विजयी लक्ष्य पाएको वडा नं. ६ ले १६ ओभरमा ५ विकेट गुमाएर लक्ष्य पूरा गरेको थियो । त्यसअघि टस जिते ब्याटिङ गरेको वडा नम्बर ५ ले निर्धारित २० ओभरको खेलमा १९ ओभरमा सबै विकेट गुमाएर १ सय २३ रन बनाएको थियो । प्रतियोगिताको म्यान अफ द म्याच वडा नं. ५ का श्रवण यादव चुनिए । उनले ४० रन बनाएका थिए ।

प्रतियोगितामा विजेता टिमले नगद १ लाख २५ हजार, ट्रफी, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछन् भने उपविजेता टिमलाई नगद ६५ हजार ट्रफी, प्रमाणपत्र र मेडल प्रदान गरिने प्रतियोगिताका खेल व्यवस्थापक रामकुमार राजवंशीले जानकारी दिए । प्रतियोगिताको फाइनल माघ १६ गते हुनेछ ।

# मधेश प्रदेशको मुख्य न्यायाधिवक्तामा ठाकुर नियुक्त




**काठमाडौं/मस**- मधेश प्रदेशको मुख्य न्यायाधिवक्तामा वीरेन्द्रकुमार ठाकुर नियुक्त भएका छन् । नवनियुक्त ठाकुरले आइतबार पद तथा गोपनीयताको शपथ लिएका छन् । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिसमा प्रदेशप्रमुख हरिशंकर मिश्रले संविधानको धारा १६० को उपधारा (२) बमोजिम नवनियुक्त मुख्य न्यायाधिवक्ता ठाकुरलाई प्रदेश प्रमुख मिश्रको उपस्थितिमा उच्च अदालत जनकपुरधामका कायममुकायम मुख्य न्यायाधीश गुणराज ढुङ्गेलले पद तथा गोपनीयताको शपथ गराएका हुन । नवनियुक्त मुख्य न्यायाधिवक्ता सिरहा निवासी हुन् ।

**दोधारा चाँदनी न.पा. १ मा अस्थायी क्रशर उद्योग स्थापना तथा संचालनका लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धि सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिका लागि सार्वजनिक सूचना**

**दोधारा चाँदनी नगरपालिका**
**वडा नं.१, कंचनपुर, सुदुर पश्चिम प्रदेश**
**(प्रकाशन मितिः २०७९/१०/१६)**

प्रस्तावित अस्थायी क्रशर उद्योग स्थापना तथा संचालन सम्बन्धमा दोधारा चाँदनी नगरपालिका वडा नं. ६, कञ्चनपुरमा १५ शैयाको अस्पताल निर्माण गर्न आवश्यक ढुंगा, गिट्टी, बालुवा, उत्खनन तथा प्रशोधन कार्य गर्नुपर्ने भएकाले, नगरपालिकाको वडा नं. १ मा अस्थायी क्रशर उद्योग स्थापना तथा संचालन गरी अस्पताल निर्माण कार्य सम्पन्न गर्नु पर्ने उद्देश्य राखेको अस्थायी क्रशर उद्योगको कार्यसूची दोधारा चाँदनी नगरपालिकामा मिति २०७९/०९/२५ मा स्वीकृत भएको व्यहोरा जानकारी गराउँदै, उद्योग स्थापना तथा संचालन गर्नु पूर्व वातावरण संरक्षण ऐन, २०७७ (सुदुर पश्चिम प्रदेश) तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुरुप आवश्यक देखिएकाले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनका लागि प्रचलित कानून बमोजिम संक्षिप्त वातावरणीय अध्ययनको क्रममा प्रस्तावित आयोजना तथा सोको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थालाई जानकारी दिने तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक रायसुझावहरु लिने उद्देश्यले निम्न मिति, समय र स्थानमा संचालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित हुन सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मितिः २०७९/१०/२२**
**समयः बिहान ११ बजे**
**स्थानः उधोग रहेको स्थान, दोधारा चाँदनी न.पा., वडा नं. १**

**बसबरीया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भवानीपुर, सर्लाही, मधेश प्रदेश**

**गाउँपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा गाउँपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

**श्री रामसिंहासन यादव**
अध्यक्ष

**श्री सरिता कुमारी**
उपाध्यक्ष

**श्री चुनचुन प्रसाद यादव**
प्र.प्र.अधिकृत

**बसबरीया गाउँपालिका, भवानीपुर, सर्लाही, मधेश प्रदेश**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ माघ २०७९, सोमबार
30 January 2023, Monday

## सम्पादकीय

### शहीद सम्मानको अर्थ

आज शहीद सप्ताहको अन्तिम दिन । जनताको अधिकार प्राप्तिका निम्ति प्राण आहूती दिने चार शहीदलाई श्रद्धा गर्दै शहीद सप्ताहको समापन हुँदैछ । निरंकुश जहाँनीय राणाशासन विरूद्ध प्राण आहूती दिने चार शहीदको सम्झनामा २०१२ सालदेखि शहीद सप्ताह मनाउने गरिएको हो । १९०४ सालदेखि शुरू भएको जहानीय रानाशासनको निरंकुशताबाट मुक्ति दिलाउने आन्दोलनका क्रममा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र दशरथ चन्दले प्राण आहुती दिएका थिए । १० माघमा शुक्रराज शास्त्रीलाई पचलीमा, १३ माघमा धर्मभक्त माथेमालाई सिफलमा, १५ माघमा गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई शोभा भगवतीमा हत्या गरिएको थियो । त्यसपछि उत्कर्षतिर अगाडि बढेको आन्दोलनले २००७ सालमा राणाशासनको अन्त्य गर्दै मुलुकमा प्रजातन्त्र स्थापना भएको थियो ।

त्यसपछिको सात दशकमा राजतन्त्रलाई पनि विदाइ गरियो । २४० वर्षे इतिहास बोकेको राजतन्त्रलाई २०६२/०६३ सालको दोस्रो जनआन्दोलनले अन्त्य गर्दै मुलुकमा गणतन्त्र स्थापना भयो । गणतन्त्र स्थापनापछि नागरिकका सन्तान यो मुलुकको राष्ट्र प्रमुख बन्ने संवैधानिक व्यवस्था सुनिश्चित भएको छ । पहिलो राष्ट्रपति डा.रामवरण यादव र दोस्रो राष्ट्रपति विद्यादेवी भण्डारी जनताका प्रतिनिधिहरूबाट निर्वाचित भएका थिए । गत आमनिर्वाचनपछि तेस्रो राष्ट्रपतिको खोजी भइरहेको छ । मुलुकमा तीन तहको सरकार सञ्चालनमा छ । राणाशासन र गणतन्त्रका बीचमा पञ्चायती शासन मुलुकले खेप्नुपरेको थियो । २०१७ सालदेखि २०४६ सालसम्म पञ्चायती व्यवस्था रह्यो । तर राणाशासन अन्त्य गरेका जनताले पञ्चायतलाई पनि विदाइ गरे ।

यो प्रजाबाट नागरिकसम्मको राजनीतिक परिवर्तनको शृङ्खलामा १९९७ सालमा प्राण आहूती दिने शहीदहरूको योगदानलाई विशेष रूपमा सम्झने गरिएको छ । किनकि नागरिक शासनको आधारशिला यही विद्रोहले तयार पारेको थियो । त्यसपछि पनि राजनीतिक परिवर्तनका निम्ति थुप्रै आन्दोलन भए, हजारौंले प्राण आहूती दिए । आजको शासन प्रणालीको जग यिनै शहीदहरूले दिएको बलिदानबाट संभव भएको हो । त्यसैले शहीदहरूको सम्झना अर्थपूर्ण छ । तर वर्षदिनमा एकपटक शहीद सम्झने र सप्ताह मनाउने कार्यले मात्रै बलिदानको सम्मान हुनेछैन । ती शहीदहरूले देखेको सपना अनुसार, मुलुकको शासन प्रणाली स्थापित गरिनु महत्वपूर्ण हो । अहिले पनि नागरिकले न्याय नपाएको र आधार भूत आवश्यकताबाट बञ्चित हुनु परिरहेको छ । यस्तो परिपाटीको अन्त्य गरिनु शहीदको सच्चा सम्मान हुनेछ । महान् शहीदहरू, अमर रहून !

# हराउँदै मानवीय संवेदना

*आज सामाजिक सञ्जालमा छाडा, अपाच्य, उच्छृङ्खल शब्दहरू प्रयोग गरी व्यक्तिको आत्मसम्मानमा चोट पुऱ्याउने कामहरू भइरहेको छ । भाइरल भई सबैले चिन्ने मनशायले गलत हर्कत गर्ने व्यवहारले पनि समाजमा स्थान पाएको छ । सामाजिक सञ्जालमा रमाइरहेकाहरू मानवीय संवेदनालाई नै बिर्सेका छन् ।*

**अग्रलेख**



● झलक शर्मा

यही २०२३ जनवरी १५ मा काठमाडौंबाट पोखराका लागि उडेको यति एयरलाइन्सको विमान पोखराको सेती नदीको खोंचमा दुर्घटनाग्रस्त भयो । ७२ जना यात्रुमध्ये ७१ जनाले ज्यान गुमाए भने एक जनाको अवस्था अज्ञात छ । यो दुर्घटना नेपालकै आन्तरिक उडानमध्येको सबैभन्दा ठूलो दुर्घटना भएको मानिन्छ । यस घटनाले सम्पूर्ण नेपालीलाई शोकमा डुबाएको छ । हामीले हाम्रा नेपाली दाजुभाई दिदिबहिनी गुमायौं भने विदेशी पाहुनालाई पनि गुमाउन बाध्य भयौं । नेपाल सरकारले राष्ट्र शोकमा परेकोले त्यसको भोलिपल्ट एक दिन सार्वजनिक शोक विदा दिने निर्णय पनि गऱ्यो । त्यस्तै, राष्ट्रिय झण्डा आधा झुकाएर घटनाप्रति दुःख व्यक्त गरियो । यस्तो विक्षिप्त घटनामा भने केही व्यक्तिका व्यवहार निकै अशोभनीय देखिए । जसले समाजमा मानवीय संवेदना हराएको महशुस गराउँछ ।

विमान दुर्घटनापश्चात उद्धारमा लाग्नुको सट्टा फोटो खिच्ने, सामाजिक सञ्जालहरु फेसबुक, ट्वीटर, टिकटकमा लाइभ गर्ने गरेको पाइयो । उता यात्रु जलेको चित्कार छ भने यता सामाजिक सञ्जालमा भ्यूज बटुल्ने मनोवृत्ति हाबी भयो । हुन त सर्वसाधारणले सहजैरूपमा उद्धार गर्न सक्ने स्थानमा विमान दुर्घटना भएको थिएन । उद्धारका लागि पनि धेरै जोखिमहरु थिए तर, उद्धारका उपायमा नलागि मोबाइल ठड्याएर रमिते बनेको देखियो । विमान दुर्घटना भएको हेर्न जानेको भीड ठूलो देखियो । जसले उद्धार टोली, सुरक्षाकर्मीहरुलाई उद्धार कार्यमा कठिन बनायो । एम्बुलेन्स, दमकल, प्रहरी भ्यान गाडीहरु घटना स्थलमा पुग्न ट्राफिक जामको समस्या झेल्न पऱ्यो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र उपप्रधानमन्त्री तथा गृहमन्त्री रवी लामिछाने दुर्घटनाबारे बुझ्न जाने कार्यक्रम घटनास्थलमा भएको भीडले बाधक बनायो । विशिष्ट व्यक्तिहरु आउदा झन् भीड बढ्ने र उद्धार कार्यमा थप असहजता हुने आकंलनले प्रहरी निकायले सो कार्य रोक्न अनुरोध गऱ्यो ।




विमान दुर्घटनापश्चात् विमान कम्पनी यति एयरलाइन्सले उपलब्ध गराएको यात्रुको विवरणलाई केही व्यक्तिले दुरूपयोग गरे । उद्धार कार्य जारी रहेकै बेला तथा कुनै मृत्यु भएको ठोस प्रमाण बिना नै सामाजिक सञ्जालमा श्रद्धाञ्जली दिने होडबाजी चल्यो । यसरी हतासमा श्रद्धाञ्जली दिँदा दुर्घटनामा परेका यात्रुका परिवार तथा आफन्तजनहरुमा पर्ने मानसिक असरबारे ख्यालै गरिएन । यस्तो व्यवहारले हाम्रो समाजमा बढ्दै गएको संवेदनहीनतालाई प्रष्ट गराएको छ ।

कोरोना महामारीको समयमा पनि केही व्यक्ति, समूहले सरकार तथा विश्व स्वाथ्य संगठनले लागु गरेका स्वास्थ्य मापदण्डहरुको परिपालना गरेनन् । शवदाहमा जल्दै गरेको भिडियो, तस्विरहरु सामाजिक सञ्जालमा राखेर संक्रमित व्यक्तिहरुमा त्रास फैलाउने काम गरियो । कोरोना सामान्य रुघाखोकी हो, यसका लागि राज्यले विदेशी डलरको खेती गरेको छ भन्ने अफवाह फैलाइयो । कोरोनाविरुद्धको खोप सञ्चालन भएपछि यसबारे नकारात्मक टिकाटिप्पणी गर्ने र सर्वसाधारण जनतालाई खोप लगाउनबाट निरुत्साहित गर्ने गरेको पाइएको थियो । कोरोना भाइरसको जटिलता, संक्रमित व्यक्तिमा पर्ने असरबारे ख्यालै नगरी जथाभावी बोल्ने, सरकारलाई गालीगल्लोज गर्ने गरेको पाइयो । सामाजिक सञ्जालमा छाडा, अपाच्य, उच्छृङ्खल शब्दहरु प्रयोग गरी व्यक्तिको आत्मसम्मानमा चोट पुऱ्याउने काम भइरहेको छ । भाइरल भई सबैले चिन्ने मनशायले गलत हर्कत गर्ने व्यवहारले समाजमा स्थान पाएको छ ।

आज अदालतमा चल्दै गरेको मुद्दाप्रति पनि गलत टिकाटिप्पणी गरी निष्पक्ष फैसला गर्न बाधा पुग्ने अवस्था बनेको छ । निर्वाचनको समयमा उमेद्वारहरुको बारेमा पूर्वाग्रह राखी मत तितर वितर गर्ने कार्य भइरहेको पाइयो । कुनै बेला बोलेको वा अन्तरवार्ता भिडियोलाई काटी फरक अर्थ लाग्ने गरी भिडियो बनाएर उम्मेदवार हरुको चरित्र हत्या गराउने कामले स्थान पायो । यस्ता गतिविधि केलाउँदा मानवीय व्यवहार, अनुशासन र नैतिक आचरणबारे थुप्रै प्रश्न उठ्न सक्छ । विगतदेखि नै हाम्रो समाजमा विभेद, असमानता, छुवाछुत तथा भेदभाव, कुप्रथाले जरो गाडेको छ । त्यसमामाथि पनि विकसित प्रविधिको दुरूप्रयोगले मानिसमा अनुशासन र नैतिक आचरण गुमाउँदै लगेको पाइन्छ । यस्ता कामले निरन्तरता पाएमा समाजमा थप बथेतिको विकास हुनेछ ।

समाजमा हुने यस्ता अमानवीय कृयाकलापलाई रोक्न सबै नागरिक सचेत हुनु अनिवार्य छ । त्यसका लागि नागरिकमा शिक्षा र चेतनाको आवश्यक पर्दछ । मानवीय मूल्य, मान्यतालाई आत्मसात गर्नुपर्छ । समाजलाई सहिष्णुताको बाटोमा अगाडि बढाउनु पर्दछ । मानवअधिकारको रक्षा र सम्मान आवश्यक छ । सकारात्मक सोच राखी समाजमा मेलमिलाप र भाइचारा कायम गर्नुपर्छ । विपद्को बेला राज्यलाई सहयोग र साथ दिई असल नागरिकको भूमिका निर्वाह गर्नुपर्छ । वर्तमान समयमा सामाजिक सञ्जाल तथा इन्टरनेटको माध्यमबाट हुने अपराधिक गतिविधिलाई नियन्त्रण गर्नुपर्छ । सामाजिक सञ्जाल तथा इन्टरनेट चलाउन उपयुक्त मापदण्ड आवश्यक छ । राज्यले निरक्षरताबाट मुक्त गराउन साक्षर जिल्लाको घोषणा गर्दै हिँडेको छ तर, समाज भने चेतनशील बन्न सकेको छैन । समाजमा शान्ति सुरक्षा अमनचयन कायम गराउन थुप्रै ऐन, नियम र कानूनहरु निर्माण गरिएको छ । तर, कार्यान्वयन पक्ष भने फितलो बन्दै गएको छ ।

नेपालको वर्तमान संविधानको धारा ४८ मा नागरिकको कर्तव्यको व्यवस्था गरिएको छ । जसमा राष्ट्रप्रति निष्ठावान हुँदै राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने, संविधान र कानूनको पालना गर्ने, राज्यले चाहेको बखत अनिवार्य सहयोग गर्ने तथा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने रहेको छ । संविधानमा यति कुरा समेटेको भएता पनि नागरिक दायित्व तथा कर्तव्यले बृहत विषय वस्तुलाई समेटेको हुन्छ । त्यस्तै, सामाजिक व्यवहारहरुलाई व्यवस्थित गर्न मुलुकी देवानी संहिता, २०७४ कार्यान्वयनको चरणमा रहेको छ । साइबर अपराधलाई नियन्त्रण गर्न विद्युतिय कारोबार ऐन, २०६३ पनि हामी सामु कानूनी व्यवस्था छ । संस्थागतरूपमा नेपाल प्रहरीले केन्द्रीय साइबर व्यूरोको स्थापना गरी विद्युतीय अपराध नियन्त्रण गर्ने प्रयास पनि गरेको छ । यति हुँदा हुँदै पनि नेपालमा मानवीय व्यवहार, नागरिक चेतना अपेक्षाकृतरूपले विकास हुन सकेको छैन ।

